## परिआए सरकारबाट बाहिरिन्छौं : गगन थापा

पृष्ठ १ बाट

उनले भने, 'आज हामी बाध्यतामा छौं, एक्लै छैनौं सरकारमा छौं। कतिपय हामीले कम्प्रमाइज गरेका छौं। तर आधारभूत कुरामा हामी कम्प्रोमाइज गर्दैनौं। हामीले भन्न सक्नुपर्छ- पर्‍यो भने यस्तो सरकारबाट बाहिर जान्छौं हामी। सरकारै सबैभन्दा ठुलो कुरा होइन।' उनले काँग्रेसले शिक्षक आन्दोलन, निजामती कर्मचारीलगायतको आन्दोलनको विषयमा जिम्मेवार ढंगले प्रस्तुत हुनुपर्ने बताए।

# निजी स्कुलमा चहलपहल, सरकारीमा सुनसान



पृष्ठ १ बाट

काठमाडौं केन्द्रित शिक्षक आन्दोलन चौथो सातामा प्रवेश गर्दा पनि उनीहरूका माग सम्बोधनमा सरकारले खासै चासो देखाएको छैन। यसैले सामुदायिक विद्यालय कहिले खुल्छन् र पठनपाठन नियमित हुन्छ भन्ने टुंगो लाग्न सकेको छैन।

यसअघि सोमबारदेखि पोखरा क्षेत्रका विद्यालय सञ्चालन हुने तयारी थियो। तर पोखरा महानगरपालिकाले पत्र पठाउँदै बिहीबारसम्म विद्यालय सञ्चालन नगर्न अनुरोध गरेको थियो। पोखराभित्रका सबै निजी विद्यालय बिहीबार सञ्चालनमा आए पनि सामुदायिक विद्यालय सुनसान छन्।

कतिपय सामुदायिक विद्यालयले भर्ना भएका बालबालिकाका अभिभावकलाई सन्देश पठाउँदै 'विषम परिस्थिति' का कारण पठनपाठन अवरुद्ध भएकाले धैर्य गर्न भनेका छन्। उनीहरूले कक्षा सञ्चालन गर्न नसकेकोमा क्षमासमेत मागेका छन्। भर्ना भएका छोराछोरीलाई स्कुल पठाउन नपाउँदा अभिभावक दुखी छन्। 'छोराछोरी भर्ना त भएका छन्। तर विद्यालय कहिले खुल्छ भन्ने यकिन छैन। छोराछोरी घरैमा मोबाइल र टिभी हेरेरै दिन बिताउन बाध्य छन्,' पोखरास्थित अमरसिंह नमूना माविकी एक अभिभावकले भनिन्।

पर्यटकीय क्षेत्र पोखरा-६ लेकसाइडको मध्यभागमा तालबाराही मावि छ। यो विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा बालविकासदेखि १० कक्षासम्म करिब ७ सय विद्यार्थी भर्ना भएका थिए। तर यो वर्ष अहिलेसम्म ५० जति विद्यार्थी भर्ना भएका छन्। शिक्षक आन्दोलनका कारण पर्याप्त भर्ना लिन नसकेको विद्यालयको भनाइ छ। प्रधानाध्यापक ताराप्रसाद पोखरेलले शिक्षक आन्दोलनका कारण पठनपाठन अवरुद्ध भए पनि आएका विद्यार्थीलाई भर्ना गरको बताए। 'सबैजसो शिक्षक आन्दोलनमा जानु भएको छैन। काठमाडौं नजाने शिक्षकहरूले आएका विद्यार्थी भर्ना गर्नुभएको छ। तर विद्यालय बन्द रहेको भन्ने हल्लाका कारण विद्यार्थी पनि भर्ना हुन आएका छैनन,' पोखरेलले भने, 'भर्ना रोकिएको छैन। तर विद्यालय बन्दको सन्देशले भर्ना प्रभावित भएको छ।'

पोखराकै अर्को राष्ट्रिय माविमा पनि भर्ना अभियान अति नै सुस्त छ। प्रधानाध्यापक ईश्वरीप्रसाद सापकोटा कर्मचारी परिचालन गरेर विद्यालयमा भर्ना अभियान सञ्चालन गरिरहेको बताउँछन्। विद्यालय व्यवस्थापन समितिका पदाधिकारी नै भर्नाका लागि विद्यालयमा खटिएको उनको भनाइ छ। 'विद्यालय व्यवस्थापन समितिको टिम नै आएर भर्नाका लागि खटिएको छ। विद्यालयका कर्मचारी पनि भर्नामा खटिएका छन,' उनले भने।

सापकोटाका अनुसार राष्ट्रिय माविमा गएको शैक्षिक सत्रमा बाल विकासदेखि १० कक्षासम्म ८ सय ५० हाराहारीमा विद्यार्थी भर्ना भएका थिए। तर अहिले ७० जनाजति भर्ना भएका छन्। 'हाम्रा विद्यार्थी बाहिर (निजी विद्यालय) मा गएका छैनन्। विद्यार्थी बाहिरिएको जानकारी पनि आएको छैन। अहिलेसम्म कसैले ट्रान्सफर सर्टिफिकेट मागेको अवस्था छैन,' सापकोटाले भने, 'विद्यार्थी अरू विद्यालयमा गएको भए सर्टिफिकेट माग्न आउँथे होला।'

संस्थागत विद्यालयले भने बिहीबारदेखि पठनपाठन सुरु गरेको बताएका छन्। मासिक एक सय रुपैयाँमा पठनपाठन गराइरहेको पोखरा-५ पर्स्याङस्थित समता शिक्षा निकेतनका संयोजक उमेश रेग्मीले भने, 'बिहीबारदेखि विद्यार्थी विद्यालय आएका छन्। उत्साहजनक रूपमा अध्यापन सुरु भएको छ।'

शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षक आन्दोलनका कारण विद्यार्थी भर्ना अभियान प्रभावित भएको बताए। उनका अनुसार कास्कीमा संस्थागत विद्यालयले बिहीबारदेखि अध्यापन सुरु गरेका छन् भने सामुदायिक विद्यालयमा अध्यापन कहिले सुरु हुन्छ टुंगो लागेको छैन। 'संस्थागत विद्यालय बिहीबारबाट चलेका छन्। सामुदायिक विद्यालयमा भने भर्ना प्रभावित भएको छ। विद्यार्थी भित्रभित्रै भर्ना भइरहेका पनि छन्,' उनले भने।

आचार्यका अनुसार कास्कीमा वैशाख १५ देखि नियमित पठनपाठन सुरु गर्ने भनिएको छ। कास्कीमा २ सय ५९ वटा संस्थागत विद्यालय छन्, जहाँ गएको वर्ष एक लाख चार सय ९२ जनाभर्ना भएका थिए। त्यसैगरी कास्कीमा सञ्चालनमा रहेका तीन सय ७५ वटा सामुदायिक विद्यालयमा अघिल्लो वर्ष ६२ हजार दुई सय ७७ विद्यार्थी भर्ना भएका थिए।

# अहिलेदेखि निर्वाचनको तयारीमा एमाले !

पृष्ठ १ बाट

एमालेले सधैं सरकार बचाऔं भनेर नहेर्ने बताउँदै उनले कार्यकर्तालाई निर्वाचनको तयारीमा लाग्न आग्रह गरे। 'एमालेले सरकार बनाऔं, सरकार बचाऔं भनेर हेरिरहेको हुँदैन। एमालेले सधैं चुनाव हेरेको हुन्छ। हामीले पहिले २०७९ सालको चुनाव भन्यौं र अहिले २०८४ को चुनाव भनिरहेका छौं। ढुक्कले मिसन ८४ मा लाग्नुस्,' उनले युवाहरूमाझ भने।

उनले लोकतन्त्रको रक्षाका लागि एमाले र कांग्रेसको सहकार्यमा सरकार बनेको स्मरण गर्दै स्थिरता र स्थायित्वका लागि गठबन्धन बनेको बताए। 'सरकार जान्छ, जान्छ भनेर भन्न थालेका छन्। लोकतन्त्रमा सरकार बन्दा लामो समय भनेको पाँच वर्षका लागि बन्छ। यो तानाशाही व्यवस्था त होइन, अधिनायकवादी व्यवस्था त होइन कि कसैको वंशको शासन हुन्छ, ५० वर्षका लागि हुन्छ, दुई सय ५० वर्षका लागि हुन्छ, एक सय चार वर्षका लागि हुन्छ भनेजस्तो,' प्रधानमन्त्री ओलीले भने, 'हामीले भनेको स्थिरता जनताको अभिमतसहितको स्थिरता हो।'

उनले राजतन्त्रलाई वैज्ञानिक आधार नभएको पाखण्डी सिद्धान्त भनी टिप्पणी गरेका छन्। 'कुलघरानाका आधारमा, जन्मका आधारमा वैज्ञानिक आधार कुनै नभएको अवैज्ञानिक एउटा पाखण्डी सिद्धान्तका आधारमा शासन गर्न खोज्ने सामन्ती युगलाई फेरि फर्काउने आवाज पनि कताकता सुनिन थालेका छन्,' प्रधानमन्त्री ओलीले भने। देशमा लोकतन्त्र नमान्ने, संविधान नमान्ने, जनताको बलिदानको अपमान गर्ने, संघर्षको अपमान गर्ने, सफलतालाई अस्वीकार गर्ने र त्यसलाई मजाक उडाउने काम भएको पनि प्रधानमन्त्री ओलीले बताए। 'प्रतिगमनतिर देशलाई लैजान जनताको हत्या गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने, व्यक्तिका घरहरू, पार्टीका कार्यालयहरू, व्यापारिक प्रतिष्ठानहरू, मिडियाका कार्यालयहरूमा आक्रमण भएको छ,' उनले भने, 'यसरी जंगली, राक्षसी प्रवृत्ति देखाएर फेरि जनतामाथि थिनले कस्तो शासन थोपर्न खोजेका छन् र कुन तानाशाह ल्याउन खोजेका हुन् भन्ने स्पष्ट देखिएको छ।'

प्रधानमन्त्री ओलीले देशमा अराजकता मच्चाउने र विभाजन गर्ने तत्त्वसँग सचेत हुनुपर्ने बताए। 'नेपाल महान् नेपाल हो, नेपाली जनता महान् जनता हुन्। महान् नेपालका नेपाली युवा त्यसअनुसार अघि बढ्नेछन्। ढुक्क हुनुस्, यसको नेतृत्व एमालेले बाटो नबिराइ गर्नेछ। वैशाख ११ गते निरंकुश राजतन्त्र पराजय र लोकतन्त्रले जितेको दिन हो। यो दिनलाई उत्सवका रूपमा मनाउनुपर्छ। निरंकुश व्यवस्थाका कारण देश लामो समय अन्धकारकारको युगमा गुज्रिएको थियो। हामीले अनेक कठिनाइ झेलेर संघर्ष गर्दै देशलाई अहिलेको अवस्थामा ल्याएका हौं। सामन्ती व्यवस्थालाई फर्काउने भन्दै व्यक्तिका घर, पार्टी कार्यालय र सञ्चार संस्थामा तोडफोड गर्ने र व्यक्तिलाई जिउँदै आगो लगाउनेजस्ता जंगली र राक्षसी प्रवृत्ति गलत हो। यस्तो कार्य सह्य हुँदैन।'

एमालेले पार्टी स्थापना र लोकतन्त्र दिवसका अवसरमा 'युथ सेलिब्रेसन' विशेष कार्यक्रमलाई प्रधानमन्त्री ओलीभन्दा अघि महासचिव शंकर पोखरेले सम्बोधन गरेका थिए। कार्यक्रममा सम्बोधनका लागि १६ देखि २४, २५ देखि ३०, ३० देखि ३५ र ३५ देखि ४० सम्म उमेर समूहका वक्ता छानिएका थिए। वक्तामा सबै समूहलाई समेटेर समावेशी पनि बनाइएको थियो। प्रतिनिधिसभा सदस्य इलाम-२ बाट निर्वाचित सुहाङ नेम्वाङ, काठमाडौं महानगरपालिकी उपप्रमुख सुनिता डंगोल, कपिलवस्तु शिवराज नगरपालिकाकी उपमेयर शिवकुमारी चौधरी, बागलुङ क्याम्पसका स्ववियु सभापति यास्मिन सेख, पिएन क्याम्पसका सभापति विष्णु पोखरेल, युवा डाक्टर आनन्द सिंह, दलित युवा नेपाल ल क्याम्पसका प्रकाश सुनार, कोटेश्वर क्याम्पसका स्ववियु सभापति उम्मेदवार शर्मिला भण्डारीले कार्यक्रमलाई सम्बोधन गरेका थिए। साथै कार्यक्रममा युवा संघका अध्यक्ष क्षितिज थेबे र अनेरास्ववियुका अध्यक्ष समिक बडालले पनि सम्बोधन गरेका थिए।

## शिक्षकका माग सम्बोधन गर : सर्वोच्च

पृष्ठ १ बाट

अधिवक्ता श्रवणकुमार चौधरीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाउँदै चैत २० गतेदेखि शिक्षकले आन्दोलन गर्दा विद्यार्थीको परीक्षामा समेत असर पुगेको भन्दै रिट निवेदन दर्ता गराएका थिए।

इजलासले देशभरका बालबालिकालाई नियमित रूपमा विद्यालयमा पठनपाठन गर्न पाउने हकबाट वञ्चित नगर्न नगराउन आदेशमा भनेको छ। 'तत्काल आवश्यक र उपयुक्त प्रबन्ध गरी आन्दोलनरत शिक्षकका कारण माध्यमिक शिक्षा परीक्षा एसइई बोर्डको परीक्षाफल समयमा प्रकाशन हुन नसक्ने अवस्थाको सिर्जना हुन नदिनू,' सर्वोच्चले भनेको छ, 'शिक्षक आन्दोलनका कारण कक्षा १२ को बोर्ड परीक्षा समयमा नभई लाखौं विद्यार्थीको भविष्य अन्योलमा पर्ने जोखिम रहेको देखिँदा उक्त परीक्षा तोकिएको समयमा नै गर्ने, परीक्षा नसार्ने, सार्न नलगाउने।' सर्वोच्चले यो आदेश प्राप्त भएको चौथो दिन शिक्षा मन्त्रालयाई प्रगति प्रतिवेदन पेस गर्न पनि भनेको छ।

सर्वोच्चले शिक्षा पाउनु बालबालिकाको मौलिक अधिकार भएको भन्दै त्यसको पनि व्याख्या गरेको छ। विभिन्न दस्तावेजले पनि शिक्षालाई व्यक्तिको आधारभूत मानवअधिकारको रूपमा परिभाषित गरेको सर्वोच्चले भनेको छ। नेपाल मानवअधिकारसम्बन्धी अभिसन्धिहरूको पक्ष राष्ट्र छ। 'नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उल्लिखित दस्तावेजहरूमा भएको व्यवस्था नेपाल कानुनसरह लागु हुने भएकाले अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको सन्दर्भमा समेत बालबालिकाले नियमित रूपमा विद्यालय अध्ययन गर्न पाउने वातावरणको सुनिश्चितता दिलाउनु राज्यको दायित्व हुन आउँछ,' सर्वोच्चले भनेको छ।

सर्वोच्चका अनुसार उल्लिखित संवैधानिक, कानुनी एवं अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनी व्यवस्थाको आलोकमा नागरिकको शिक्षासम्बन्धी हकलाई व्यवहारमा कार्यान्वयन गर्नु गराउनु एवं उक्त हकको कार्यान्वयनमा अवरोध उत्पन्न भएमा सोको तत्काल सम्बोधन गर्नु विपक्षी निकायहरू तथा स्वयं आन्दोलनरत शिक्षकको समेत जिम्मेवारी देखिन आउँछ।

'आजका बालबालिका भोलिको देशका कर्णधार हुन्। वर्तमानमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिएमा मात्र भविष्यमा राष्ट्र र समाजलाई डोर्‍याउन सक्ने प्रतिस्पर्धी र क्षमतावान् जनशक्ति उत्पादन हुने हो,' सर्वोच्चले भनेको छ, 'यसको पहिलो पूर्वावस्था नियमित पठनपाठन नै हो। नियमित पठनपाठनमार्फत समाजलाई आदर्श र नैतिकताको मार्गदर्शन गर्नुपर्ने गहनतम जिम्मेवारी भएका विद्यालय शिक्षकहरू लामो समयसम्म विद्यालय छाडी आन्दोलन गर्ने वा त्यसरी आन्दोलन गर्नुपर्ने अवस्था उत्पन्न गर्नु गराउनुलाई कदापि वाञ्छित परिस्थिति मान्न सकिँदैन।'

शिक्षकको आन्दोलनबाट प्रथम दृष्टिमै सबै बालबालिका, अभिभावक तथा सम्बन्धित सरोकारवालासमेतको विद्यालयमा नियमित पठनपाठन गर्न गराउन पाउने हकको गम्भीर उल्लंघन भएको आदेशमा उल्लेख छ। आन्दोलनले निरन्तरता पाउने र विद्यार्थीको भविष्यमा खेलवाड हुने देखिएकाले अन्तरिम आदेश जारी गर्नुपरेको सर्वोच्चले जनाएको छ।

## वार्ताबाट...

पृष्ठ १ बाट

उनले मन्त्रालयका अधिकारीसँग छलफल गरेर आन्दोलनको समाधानमा अगाडि बढ्ने योजना बनाएको बताए। मन्त्री पन्तले पहिलो निर्णयस्वरूप मन्त्रालयको कार्यविधि तयार गर्न १५ दिने समयसीमासहित समिति गठन गरेका छन्। काठमाडौंको माइतीघर-बानेश्वर क्षेत्रमा शिक्षक आन्दोलन २३ दिनदेखि जारी छ। उनीहरूले नेपाल शिक्षक महासंघको अगुवाइमा चैत २० गते आन्दोलन थालेका हुन्। शिक्षकहरूले विगतमा भएका सम्झौताहरूलाई समेटेर विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने मुख्य माग राख्दै आएका छन्। मन्त्री पन्तले मन्त्रालयले यसअघि गरेको पहलको प्रशंसा गर्दै थप प्रभावकारी कदम चाल्ने प्रतिबद्धता जनाएका छन्। 'मेरो सम्पूर्ण ध्यान शिक्षकहरूको माग सम्बोधनमा केन्द्रित हुनेछ। वार्ताबाट समाधान निकाल्ने प्रयास गर्छु,' उनले सञ्चारकर्मीहरूसँग भने।


## लुम्बिनी विकास बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी २१ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति २०८२/०१/१२ गतेको नागरिक राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस विकास बैंकबाट उपलब्ध गराइने बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौंमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिनमा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे बोलपत्र खोलिने छ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. ५००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिनेछ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नुहोला।

तपसिल

| क्र.सं. | जिल्ला | म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मोरङ | विराटनगर | ६ | ४०१५ | ०-१-० (बिगाह) | घर/जग्गा |
| | | | १२ | ३० र ३३ | १०१.५८ र २५.३९ (व.मि.) | |
| | | डाइनिया | ९ | ४०५ | २७९५ (व.मि.) | जग्गा |
| | | हरैचा | ९ ख | ६७८, ६७९ ९४० र ३८६ | ०-०-१०-०, ०-०-१७-०, ०-०-१०-० र ०-१-८-० (बिगाह) | |
| २. | सिराहा | जमदाहा | ३ क | ३८९ | ०-३-१०-० (बिगाह) | |
| ३. | चितवन | गुञ्जनगर | ८ ख | १२५ | ६७७.२६ (व.मि.) | |
| | | देवौली | १ ख | १४८८ | १९१.३१ (व.मि.) | |
| | | | ५ क | ८३५ | ०-१-०-० (रोपनी) | |
| ४. | काठमाडौं | थानकोट महादेवस्थान | ७ ख | ५५७, ५९२, ५९६ ५९० र ५९४ | ०-१-१-३.५, ०-१-०-१, ०-०-२-३ ०-१-२-०.५ र ०-०-१-० (रोपनी) | घर/जग्गा |
| | | मनमैजु | ८ | ३६८ | १२८.६६ (व.मि.) | |
| ५. | रौतहट | गौर | ९ | १८४२ | ०-०-१२-० (बिगाह) | |
| | | गरुडा | ७ | ५५१ | ०-०-१२-० (बिगाह) | |
| | | राजपुर फरहदवा | ८ ख | ६६७ र ६६९ | ०-१-१८-८ र ०-१-२-८ (बिगाह) | जग्गा |
| ६. | सुनसरी | महेन्द्रनगर | ८ ख | ३५८ | ०-६-०-० (बिगाहा) | |
| ७. | काभ्रेपलाञ्चोक | मेथिनकोट | ३ | १२६३ | १४०६.९१ (व.मि.) | |
| ८. | सोलुखुम्बु | सल्लेरी | २ | ३४८९ र ३४९१ | २५४.३२ र २५४.३२ (व.मि.) | |
| ९. | ओखलढुङ्गा | ओखलढुङ्गा | ७ | १७०४ | ९५.३७ (व.मि.) | |
| | | बरुणेश्वर | ४ | ७६१ | ५-२-२-० (बिगाहा) | |
| १०. | सर्लाही | गंगापुरसीतापुर | ८ ख | ३१४९ | ०-०-५-० (बिगाहा) | घर/जग्गा |

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८२ जेष्ठ १ गते बिहीबार कार्यालय समय सम्म ।
बोलपत्र खोलिने मिति र समय : २०८२ जेष्ठ २ गते शुक्रबार दिनको १:०० बजे ।
बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लि. केन्द्रिय कार्यालय, डिल्लीबजार कर्जा असुली विभाग ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज बिजपार्क डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना १२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा

**ऋणीको विवरण**

नाम : **जाफरी आयल सप्लायर्स** प्रोप्राइटरको नाम : जावेद जाफरी प्रा.फ.र.नं. : २७३६२/०६८
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०६८/०७/२८
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स-०२ स्थायी लेखा नं. : ३०५१४४०२७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.न.३६११४/जारी मिति २०६३/१/२५ जारी गर्ने जिल्ला रुपन्देही)

२) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङजा जिल्ला पुतलिबजार वडा नं.४, हाल बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.नं. ६८८ जारी मिति: २०६३/१/२५ जारी गर्ने जिल्ला: स्याङजा)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ६ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.न.३७१०६९/५/८६६० जारी मिति २०६४/११/३० जारी गर्ने जिल्ला: रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं.९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं: ३७-०२-७३-०४७०८ जारी मिति: २०७३/०७/०३ जारी गर्ने जिल्ला: रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खलिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल न.पा वडा नं.११ हाल बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **सबिना सुल्ताना** (ना.प्र.न:३७-०२-७०-०४२३४ जारी मिति:२०७०-०५-१८ जारी गर्ने जिल्ला: रुपन्देही)

२. कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा र डिमाण्ड लोन

**ऋणीको विवरण**

नाम : **जाफरी पेट्रोलियम** प्रोप्राइटरको नाम : जैतुन मिया प्रा.फ.र.नं. : ३५५४३/०७२
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०७२/०४/११
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उप.म.न.पा -२०, रुपन्देही स्थायी लेखा नं. : १०६१२३५२८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हसिम मियाको बुहारी महम्मद खलिदा मियाको पत्नी स्याङजा जिल्ला पुतलिबजार वडा नं.४, हाल बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **जैतुन मिया** (ना.प्र.न. ६८८ जारी मिति २०६३/१/२५ जारी गर्ने जिल्ला: स्याङजा)

२) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. ११ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **जावेद जाफरी** (ना.प्र.नं: ३६११४/जारी मिति २०६३/१/२५ जारी गर्ने जिल्ला रुपन्देही)

३) महम्मद खलिदा मियाको बुहारी जावेद जाफरीको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ६ हाल, बुटवल उ.म.न.पा वडा नं. ९ बस्ने **मिनाक्षी भण्डारी** (ना.प्र.न.३७१०६९/५/८६६० जारी मिति २०६४/११/३० जारी गर्ने जिल्ला: रुपन्देही)

४) हसिम मियाको नाति महम्मद खलिदा मियाको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं.९ बस्ने **नावेद जाफरी मिया** (ना.प्र.नं: ३७-०२-७३-०४७०८ जारी मिति: २०७३/०७/०३ जारी गर्ने जिल्ला: रुपन्देही)

५) हसिम मियाको नातिनी महम्मद खलिदा मियाको छोरी रुपन्देही जिल्ला बुटवल न.पा वडा नं.११ हाल बुटवल उ.म.न.पा. वडा नं. ९ बस्ने **सबिना सुल्ताना** (ना.प्र.न:३७-०२-७०-०४२३४ जारी मिति:२०७०-०५-१८ जारी गर्ने जिल्ला: रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## सूचना ! सूचना !! सूचना !!!

नेपाल भेटेरिनरी एशोसिएसनको वार्षिक साधारण सभा तथा अधिवेशन तपसिल अनुसार आयोजना हुने भएकोले यसै सूचना मार्फत सम्पूर्ण सदस्य ज्यूहरुलाई उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौं।

**तपसिल**
मितिः २०८२ साल जेठ १७ गते शनिबार
स्थानः काठमाण्डौं

नेपाल भेटेरिनरी एशोसिएसन
त्रिपुरेश्वर, काठमाडौं



## Shree Buddha Adarsha Ma Vi

Budhabare, Jhapa
Koshi Province, Nepal

## Bid Addendum Notice

**Date of Publication: 2082/01/12**
IFB No: 01-SBA/WORKS/081/82

This is to notify all eligible bidders that following addendum has been made on Bid published on Nagarik Dainik dated 20th of Chaitra, 2081 (IFB no: 01-SBA/WORKS/081/82, Completion work of Girl's Hostel Building with Guard House and Waiting Area of Shree Buddha Adarsha Ma Vi). Bidders are requested to contact the office and visit *www.bolpatra.gov.np./egp* for further clarification.

Addendum on notice: - The following clause shall be part of or shall replace the relevant Clause in original notice.

| SN | Relevant Clause No. / Name | Existing Clause | Modified Clause |
|---|---|---|---|
| 1 | Contract Name | Completion work of Girl's Hostel Building of Shree Buddha Adarsha Ma Vi | Completion work of Girl's Hostel Building with Guard House and Waiting Area of Shree Buddha Adarsha Ma Vi. |
| 2 | Estimated Amount (with Vat and PS), NPR | 95,94,183.93 | 1,15,15,046.12 |
| 3 | Bid Security, NPR | 2,25,000.00 | 3,00,000.00 |

**Head Teacher**